**समाज अन्वेषण** वर्ष–२, अङ्क–१, पूर्णाङ्क–३, २०८१ वैशाख–असोज
DOI: https://doi.org/10.3126/anweshan.v2i1.68587
Research Article
ISSN ; 3021-9035 Print

# *प्राचीन उत्पादन प्रणालीको सामाजिक प्रभाव*

समीर सिंह 'अशोकविक्रम जिसी'
samir1000@gmail.com

## *लेखसार*

यो लेखमा प्राचीन समाजको दुईओटा पक्षको तुलनात्मक अध्ययन गरिएको छ। प्रारम्भको कम्युन समाज र त्यसपछिको निजी सम्पत्तिमा आधारित समाजका केही तथ्यको विश्लेषण गरी सही निष्कर्षमा पुग्नु यो लेखको उद्देश्य हो । निजी सम्पत्ति हुँदा र नहुँदा मानव समाजमा कुन कुन प्रकारका दृष्टिकोण निर्माण हुन्छन् ? त्यसले समाजलाई कसरी निर्देशित गर्दछ ? सामाजिक संरचनामा कसरी फरकपन आउँछ ? यी प्रश्न समाज विश्लेषणको सन्दर्भमा निरन्तर रूपमा उत्पन्न भइरहने प्रश्न हुन्। सामूहिक उत्पादन र सामूहिक उपभोगमा आधारि सामाजिक संरचना निर्माण हुँदा समाजको प्रगति तथा समृद्धिले कसरी गुणात्मक फड्को मार्न सक्छ ? यो एकदमै महत्त्वपूर्ण प्रश्न हो । यी तथ्यहरूको विश्लेषणले वर्तमान समाजको समृद्धिको सन्दर्भमा पनि विशेष महत्त्व राख्दछ। यो विषयमा स्पष्ट ज्ञान प्राप्त गर्न प्राचीन समाज र त्यसको उत्पादन प्रणालीको अध्ययनले विशेष महत्त्व राख्दछ। मानव समाजसँग उत्पादन प्रणालीको अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ। मानव जाति आफ्ना इच्छा र आवश्यकता पूरा गर्न उत्पादनसँग जोडिएको हुन्छ। त्यसरी अगाडि बढ्दै जाँदा उत्पादनको अवधिमा उनीहरूका बिचमा एक प्रकारको सम्बन्ध बन्ने गर्दछ। त्यही सम्बन्धको आधारमा समाजको स्वरूप निर्धारण हुने गर्दछ । उत्पादनको अवधिमा धर्म, दर्शन, संस्कृति, कला, साहित्यजस्ता उपरी संरचना अस्तित्वमा आउँदै गइरहेको हुन्छ। प्राचीन समाज अध्ययनको सन्दर्भमा यी विविध पक्षको पनि चिरफारमा केन्द्रित हुनुपर्दछ । प्राचीन समाजको एउटा संरचना थियो। आधुनिक समाजको बेग्लै स्वरूप छ। समाजको ऐतिहासिक अध्ययनबाट प्रस्ट हुन्छ, समाजको स्वरूप कहिल्यै पनि एकै प्रकारको रहिरहेन । समय र परिस्थितिअनुसार समाजको स्वरूपमा परिवर्तन आउँदै गयो। प्राचीन समाजदेखि आधुनिक समाजसम्म आइपुग्दा उत्पादन प्रणालीको निर्णयात्मक भूमिका रहेको हुन्छ र त्यही आधारमा समाजको गतिशील यात्रा निरन्तर चलिरहेको हुन्छ। प्राचीन समाजको उत्पादन प्रणालीको अध्ययन गर्दै यो मान्यतालाई पुष्टि गर्ने लेखको उद्देश्य हुने छ। त्यही मात्र होइन, वर्तमान समाजको समृद्धिको योजना तयार पार्दा यी तथ्यहरूले पनि विशेष महत्त्व राख्नेछ।

## *शब्दकुञ्जी*

उपरी संरचना, पक्षधरता, अन्तरक्रियात्मक, एकाइ, औजार।

## *विषय प्रवेश*

समाजभित्रका विभिन्न एकाइको अन्तरक्रियात्मक सम्बन्धका आधारमा त्यसको स्वरूप निर्धारण हुन्छ।

मानव समाजको उत्पादन तथा विनिमयका आधारमा एकाइ निर्धारण भइरहेको हुन्छ । प्राचीन समाजमा पनि त्यसरी एकाइ निर्धारित हुँदै सामाजिक संरचना अस्तित्वमा आएको पाइन्छ । आगो, ढुङ्गा, धातुका हतियारको उपयोगलगायतका सामाजिक एकाइका आधारमा मानिस मानिसको सम्बन्ध बन्यो । त्यही आधारमा सामाजिक मूल्यमान्यता निर्माण भयो। यिनै एकाइको अन्तरक्रियात्मक सम्बन्धका आधारमा प्राचीन समाजको प्रगति तथा समृद्धि सम्भव भएको हो । विभिन्न एकाइबिच निरन्तर सहकार्य तथा प्रतिस्पर्धा चलिरह्यो। सङ्घर्षको स्थिति पनि सृजना भयो। प्राचीन मानवका इच्छा र आवश्यकता बढ्दै जाँदा उनीहरूको व्यवहार तथा गतिविधिमा पनि परिवर्तन भयो । यस प्रकारका व्यवहारमा संलग्न हुँदै जाँदा उनीहरूको सोचाइ र दृष्टिकोणमा पनि परिवर्तन आउँदै गयो। श्रम गर्ने र उत्पादन गर्ने क्रियात्मक जीवनशैलीले विचारहरू जन्माउँदै गयो। त्यसकै व्यवस्थपनको लागि व्यवस्थाहरू निर्माण भए । मानिसका व्यवहार र गतिविधिसँग उनीहरूको सोचाइको अभिन्न सम्बन्ध रहेको हुन्छ । व्यवहार र गतिविधिबाट सोचाइको निर्माण हुन्छ। फेरि त्यो सोचाइले समाज परिवर्तनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। यसरी मानव व्यवहार र सोचाइबिचको द्वन्द्वात्मक सम्बन्धका आधारमा समाजमा निरन्तर परिवर्तन भइरहेको हुन्छ । उत्पादनको स्वामित्वको विषयलाई लिएर समाजभित्र नियमित द्वन्द्व चलिरहेको हुन्छ। यस प्रकारको द्वन्द्वमा उपरी संरचनाको पक्षधरता निर्धारित हुने गर्दछ । पक्षधरताले द्वन्द्व सृजना गर्ने र त्यही क्रममा समाजको गतिशील स्वरूप अस्तित्वमा आउने गर्दछ। पुरानो समाज लोप हुँदै गइरहेको हुन्छ। त्यही पुरानो समाजको सकारात्मक पक्षलाई ग्रहण गर्दै अझ राम्रो र व्यवस्थित समाज निर्माण हुने क्रम चलेको छ। अहिलेसम्मको ऐतिहासिक तथ्यले पनि यही कुरा पुष्टि गर्दछ। यस प्रकारको प्रक्रिया अगाडि बढ्दै जाँदा मानिस मानिसबिचको सम्बन्धमा पनि फरकपन आइरहेको हुन्छ। उत्पादन अर्थात् व्यवहारमा आउने परिवर्तनका कारण पुरानो प्रकारको आर्थिक सम्बन्धमा पनि परिवर्तन आइरहेको हुन्छ। समाजको बदलिएको स्वरूपको प्रगति र समृद्धिका लागि पुरानो प्रकारको उत्पादन सम्बन्धले अवरोध सृजना गरिरहेको हुन्छ। त्यसकारण पनि नयाँ प्रकारको उत्पादन सम्बन्धको आवश्यकता पर्दछ । अतः बदलिएको उत्पादन सम्बन्ध, समाज परिवर्तनको आधार हो। यही आधारमा समाजका एकाइमा पनि परिवर्तन हुँदै गइरहेको हुन्छ। फेरि नयाँ प्रकारको अन्तरक्रियात्मक सम्बन्ध पनि निर्धारित हुन्छ। यो प्रक्रिया निरन्तर रूपमा चलिरहेको हुन्छ। समाजको स्वरूप र त्यसको संरचना निर्धारणको लागि यस प्रकारको मान्यता, प्राचीन समाजका साथै जुनसुकै समाजका लागि पनि सत्य हो। यी तथ्यहरूका आधारमा समसायिक समाजको वास्तविकता चिरफार गर्ने प्रयास गरिनुपर्दछ।

## *अध्ययन विधि*

यस अध्ययनमा मूलतः द्वितीयक स्रोतको प्रयोग गरिएको छ। द्वितीयक स्रोतका रूपमा रहेका विभिन्न प्रकाशित पुस्तक तथा वेभसाइटहरूको प्रयोग गरेर विषयवस्तुको विश्लेषण गर्ने प्रयास गरिएको छ । प्राचीन समाजसँग सम्बन्धित विभिन्न पुस्तकहरूबाट तथ्यहरूको सङ्कलन गर्दै एउटा निष्कर्षसम्म पुग्ने विधि अवलम्बन गरिएको छ । इतिहास, समाज, अर्थशास्त्र र दर्शनसँग सम्बन्धित विभिन्न कृतिहरूको तुलनात्मक अध्ययन गर्दै प्राचीन समाजका कतिपय सन्दर्भहरूलाई वर्तमानसँग जोड्दै अध्ययन प्रक्रिया अगाडि बढाइएको छ। प्राचीन समाजको विश्लेषणात्मक प्रकारले अध्ययन गर्दै गर्दा समाज विकास क्रममा एउटा स्पष्ट पद्धति र नियम देखापरेको छ। त्यो पद्धतिको खोजी गर्दै वर्तमान समाज हुँदै समाजको भविष्यको

यात्राको लागि मार्ग खोजी गर्नु नै यो अध्ययन विधिको उदेश्य रहेको छ।

## *कम्युन समाज*

प्रारम्भिक समाज भनेको कम्युन समाज हो। उत्पादन पद्धतिले गर्दा यसप्रकारको समाज अस्तित्वमा आयो। कम्युन समाजमा नीजि सम्पत्तिको विकास भएको अवस्था थिएन। वर्ग अस्तित्वमा नआउँदा उनीहरूबिच द्वन्द्वको अवस्था तथा एउटा वर्गले अर्को वर्गमाथि दमन गर्ने अवस्था थिएन। यसप्रकारको परिस्थितिमा जात, धर्म, संस्कृतिका आधारमा एउटा वर्गले अर्को वर्गलाई होच्याउने, शोषण गर्ने परिस्थिति थिएन। अझ भनौ त्यतिखेर जात, धर्म, संस्कृति, वर्ग, शोषण, व्यवस्था, सम्पत्ति भन्ने चिज नै थिएन।

समाजको प्रारम्भिक अवस्थामा वर्गहरू त्यसका साथै राजतन्त्रीय संस्था पनि अस्तित्वमा आएको अवस्था थिएन। त्योभन्दा फरक कुल तथा कबिलाका आधारमा सामाजिक संरचना निर्माण हुने गर्दथ्यो।

त्यो समयमा दुई या त्योभन्दा बढी कुल मिलाएर फेट्री बन्दथ्यो। विभिन्न फेट्री मिलाएर कबिला समाज निर्माण हुन्थ्यो। हरेक कुलको एउटा लोकतान्त्रिक समिति हुन्थ्यो, जसले आफ्नो मुखिया चुन्दथ्यो। राजा, प्रजा, शोषक, शोषित जस्ता कुनै पनि चिजको विकास भएको अवस्था थिएन (दामोदरन, सन्१९७८, पृ.१२)। यो तथ्यले पनि कम्युन समाजको यथार्थताको बारेमा केही प्रस्ट हुन्छ।

यो विषयलाई अझ प्रस्ट पार्दै एङ्गेल्स भन्छन्– हरेक कबिला कैयौँ गोत्रमा, धेरैजसो दुईओटा गोत्रमा विभाजित भएका हुन्थे। आवादी बढेपछि यो आदिम गोत्र कैयौँ पुत्रीगोत्रमा विभाजित हुन्थे र तिनका सम्बन्धमा मातृगोत्रका रूपमा प्रकट हुन्थ्यो। गोत्र व्यवस्थामा शोषक र शोषितका लागि कुनै ठाउँ थिएन (मार्क्स–एङ्गेल्स, सन् १९७८, पृ. १८५)। प्राचीन युनानी समाजको बारेमा प्रस्ट पार्दै एङ्गेल्स भन्छन्– पुरुष युद्धमा भाग लिन्थेन्र शिकार गर्थेन्र माछा मार्थे; भोजनको सामग्री जुटाउथे र तमाम कामका लागि औजार तयार पार्थे। नारीहरू घरको देखभाल गर्दथे र खाना कपडा तयार पार्थे। पुरुषको जङ्गलमा प्रधानता थियो भने नारीको घरमा। आफूले बनाएका औजारको मालिक ती आफैँ थिए र तिनको आफैँले प्रयोग गर्दथे। कुटुम्ब सामुदायिक प्रकारको हुन्थ्यो र एक गृहस्थीमा कैयौँ तथा प्रायशः धेरै परिवार एकसाथमा रहन्थे। सबैमा सबैको सामूहिक स्वामित्व हुन्थ्यो (मार्क्स–एङ्गेल्स, सन्१९७८, पृ.१८६)। यसरी प्राचीन कम्युन समाजको संरचना तयार भएको थियो।

प्राचीन समाजको अध्ययन गर्ने हो भने हामीले धर्म र जाति प्रथाको पनि विकास भएको पाउँदैनौँ। कुनै देवीदेवताको पूजाआराधना गर्नेतर्फ उनीहरूको झुकाव थिएन। उनीहरूको समग्र दिनचर्या फलफूल तथा पशुको सिकार गर्नुमा बित्दथ्यो। उनीहरूको क्रियाकलापको एक मात्र प्रेरणास्रोत जीवनका आवश्यकताको पूर्ति गर्नु मात्रै हुन्थ्यो।

प्राचीन समाजमा निजी उत्पादन, निजी उपभोग, निजी स्वामित्वमा आधारित उत्पादन प्रणालीको विकास भएको थिएन। त्यसको विपरीत सामूहिक उत्पादन र सामूहिक उपभोगको आधारमा मानिसको व्यवहार र गतिविधि हुने गर्दथ्यो। कसैको व्यक्तिगत सम्पत्तिको अस्तित्व नै थिएन। यसप्रकारको उत्पादन र विनिमयका आधारमा मानिस मानिसबिचको अन्तरक्रियात्मक सम्बन्ध हुने गर्दथ्यो। अझ प्रस्ट रूपमा भन्नुपर्दा मानिस मानिसबिच सहकार्य हुने र प्रकृतिमाथि विजय प्राप्त गर्नु उनीहरूको जीवनको लक्ष्य हुने गर्दथ्यो। यो अवस्थामा लुट्ने, ठग्ने, चोर्ने, छलछाम गर्नेजस्ता कुराले प्रवेश पाएन। निजी सम्पत्तिको स्थिति नभएकोले लुट, शोषण, ठगी, चोरी, छल, बेइमानी आदि आवश्यक नै थिएन। त्यही कारण कार्ल मार्क्सले यसप्रकारको

कबिला समाजलाई कम्युनको रूपमा परिभाषित गरेका छन् ।

## *कम्युन समाजको आर्थिक आधार*

प्राचीन समाजमा यज्ञ क्रियाशीलता उत्पादनको महत्त्वपूर्ण आधार थियो । यज्ञ भनेकै 'कर्म गर्ने' भन्ने प्राचीन अर्थ पनि हो । हवनबाट प्राप्त सामग्री सबैलाई समान रूपमा वितरण हुने गर्दथ्यो । सार्वजनिक अग्निको वरिपरि सबै बस्ने तथा गणकी आमाद्वारा सबैलाई भोजन गराउने प्रचलन थियो । यो विषयलाई प्रस्ट पार्दै अमृत डाँगे भन्छन्– आर्यहरूको साम्यवादी स   को नाम ब्रह्म हो । यज्ञ भनेको त्यस समाजको उत्पादन प्रणाली हो । यज्ञको रूप र अन्तर्वस्तु यही हो (डाँगे, सन् २००९, पृ. ५३) । यो तथ्यले पनि प्राचीन समाजको आर्थिक संस्कृति प्रस्ट हुन्छ ।

प्राचीन मानिसको दिनचर्या एकदमै सङ्घर्षमय हुने गर्दथ्यो । उनीहरूको त्यस प्रकारको सङ्घर्ष, प्रकृतिका विरुद्ध हुने गर्दथ्यो । त्यस प्रकारको सङ्घर्षका लागि विभिन्न प्रकारका हतियार तथा औजारको प्रयोग गर्न सुरु गरियो । उनीहरूका औजार एकदम कमजोर प्रकारका हुने गर्दथे । कमजोर हतियारका कारण, शत्रुमाथि एक दुई जना भएर मात्र विजय प्राप्त गर्न सम्भव थिएन । त्यसकारण पनि सामूहिक क्रियाशीलताको परिस्थिति सृर्जना भयो ।

प्राचीन मानवको औजार त्यस्तो चिज थियो जसले गर्दा उनीहरू, पशुबाट अलग्गिए । औजारलाई नयाँ नयाँ प्रकारले प्रयोग गर्दै जाँदा उनीहरूको सोच्ने तरिकामा पनि परिवर्तन हुँदै गयो । मानव जातिको आवश्यकताले औजार निर्माण भयो । त्यसको विकास तथा प्रयोग गर्दै जाँदा उनीहरूको विश्व संरचनालाई हेर्ने दृष्टिकोणमा परिवर्तन हुँदै गयो ।

पशु अर्थात् वानरबाट मानव जातिको विकासमा श्रमको महत्त्वपूर्ण भूमिका रहन गयो । औजारका आधारमा गरिने श्रमले मानव जातिको क्षमतामा गुणात्मक रूपमा विकास हुँदै गयो । यो विषयलाई प्रस्ट पार्दै मार्क्स भन्छन्– श्रमका औजारले खालि मानवश्रम कुन हदसम्म विकसित भएको थियो भन्ने कुराका मापदण्डको काम मात्र गर्दैनन्, अपितु तिनले श्रम कुन सामाजिक परिस्थितिमा गरिन्थ्यो भन्ने कुरालाई पनि इङ्गित गर्दछन् (मार्क्स, सन् १९८७, पृ. १९९) । यो क्रममा भौतिक जगत्लाई आफूअनुरूप बदल्न मानव जाति प्रयासरत रहिरह्यो ।

त्यहीअनुसार उनीहरूको स्वभावमा पनि परिवर्तन हुँदै गयो । जति जति उनीहरूको सामूहिक श्रम बढ्दै गयो, उनीहरूको चिन्तन तथा विचार पनि उन्नत हुँदै गयो । त्यस प्रकारको चिन्तन र विचार प्राचीन समाजको आधारस्तम्भ थियो अर्थात् प्राचीन समाजको उत्पादन प्रणाली र त्यसका आधारमा निर्माण भएको विचारका आधारमा सामाजिक संरचना तयार भयो ।

प्राचीन मानिसको विचार, उनीहरूको रहनसहन, उनीहरूको सामाजिक तथा राजनीतिक अवस्था कस्तो थियो ? यो प्रश्नको कुनै ठोस ऐतिहासिक प्रमाण छैन तर पनि पुरातत्त्वविद् तथा इतिहासकारले त्यो बेलाका केही प्रमाणको आधारमा यथार्थ खोतल्ने प्रयास गरे । त्यो जानकारी प्राप्त गर्ने एउटा मात्रै आधार त्यो बेलाको उत्पादन गर्ने तरिका र उनीहरूले उत्पादनका लागि प्रयोग गर्ने औजार हो ।

मोर्गनले सामाजिक विकास क्रमलाई तीन भागमा विभाजित गरेका थिए– जङ्गलीपन, बर्बरता र सभ्यता । एङ्गेल्सले आफ्नो पुस्तक 'परिवार, व्यक्तिगत सम्पत्ति र राज्यसत्ताको उत्पत्ति' मा मोर्गनको काल विभाजनलाई यसरी सामान्यीकरण गरेका छन्– जङ्गलीपन अर्थात् त्यो बेला उपभोग्य वस्तुको विनिमय मुख्य हुन्थ्यो । बर्बरता अर्थात् त्यो समय जब उत्पादनका साधन उन्नत रूप लिँदै पशुपालन तथा कृषि पेसाको

सुरुवात गऱ्यो र सभ्यता अर्थात् जब उद्योग र कलाको विकास भयो (एङ्गेल्स, सन् १९८६, पृ. २७)। मोर्गनको समाज विकास क्रमसम्बन्धी यो तथ्यले पनि समाज विकासक्रमको यथार्थलाई प्रस्ट गर्दछ।

पूर्वीय सभ्यताअन्तर्गत सिन्धु घाँटीको सभ्यता (करिब ई.पू. ३००० देखि ई.पू. १५०० सम्मको अवधि) को आधारमा पनि प्राचीन समाजको धेरै जानकारी प्राप्त हुन्छ । चार्ल्स मेसनलगायतका ब्रिटिसहरू सिन्धुघाँटी, जसलाई हडप्पा पनि भन्ने गरिन्छ, पुगेर खोज अनुसन्धान गर्दै थुप्रै चित्रलिपि, इँटालगायतका सामग्री प्राप्त गरे । इतिहासकारहरूले सिन्धुघाँटीमा नगर सभ्यताका साथै कास्ययुगको सुरुवात भइसकेको बताएका छन्। सिन्धुघाँटीको मोहेँजो–दडो, चन्दु–दडो तथा हडप्पामा पाइएका प्राचीन सभ्यताका चिह्नले पनि प्राचीन समाजको अध्ययन गर्न धेरै तथ्य उपलब्ध भयो। यसरी कम्युन समाजको आर्थिक आधार भनेकै कृषि, पशुपालन, सिकार, औजार तथा भाँडा निर्माण, खेतीपाती, वन, प्राकृत उत्पादन, जडीबुटी र कन्दमूल र फलफूल रहेको थियो।

## *कम्युन समाजको दर्शन*

उत्पादनको औजार तथा त्यसको प्रयोग गर्दै जाँदा संसारलाई बुझ्ने र जान्ने प्रक्रिया अगाडि बढ्यो अर्थात् व्यवहारमा जोडिँदै जाँदा दर्शन निर्माण हुँदै गयो। उत्पादनको औजार विकास र उत्पादन गर्ने तरिकामा परिवर्तन आउँदै जाँदा दर्शनमा पनि परिवर्तन हुँदै गयो । यस प्रकारको दर्शन, सामाजिक संरचनाको महत्त्वपूर्ण आधार थियो।

धनुषवाण चलाउनु र शत्रुमाथि विजय प्राप्त गर्नु उनीहरूको दिनचर्या हुन्थ्यो। यो अवस्थामा उनीहरूलाई मृत्युपछिको संसार होइन, वर्तमान जीवनप्रति माया हुन्थ्यो । यही जीवनमा बढीभन्दा बढी प्रगति गर्नु उनीहरूको जीवनको उद्देश्य हुन्थ्यो । यस प्रकारको दृष्टिकोण तयार हुँदा स्वर्ग, नर्क, परमब्रह्मजस्ता अलौकिक चिन्तनको आवश्यकता नै परेन।

पछिका दिनमा प्रकृतिलाई भगवान् भनेर पूजा गर्ने प्रचलन पनि चल्यो। प्रकृत र प्राकृत वस्तुको मानवीकरण, मानवीकरणपछि देवत्वकरण र देवत्वकरणपछि सर्वशक्तिमान र सर्वव्यापकताको धारणा पैदा भयो। शत्रुलाई परास्त गर्न इन्द्रलाई भगवान् बनाइयो। त्यस्तै वरुण, सूर्यलाई पनि शक्तिका रूपमा स्वीकार गर्दै सहायताका लागि प्रार्थना गरियो। जस्तो कि ऋग्वेदको एउटा सूक्तिमा भनिएको छ– हे देव, हामीलाई धनसम्पत्ति देऊ, हाम्रो शरीरलाई स्वस्थ्य बनाऊ, हामीलाई मधुर वाणी र हाम्रा दिनलाई राम्रो बनाऊ (दामोदरन, सन् १९७८, पृ. ३६)। यो सूक्तिबाट पनि प्रस्ट हुन्छ, आफ्नो जीवनलाई अझ सुन्दर बनाउन विभिन्न शक्तिको प्रार्थना गर्ने चिन्तन त्यो समयमा विकास भएको पाइन्छ। त्यतिखेर सूर्य, सोम, वरुण, वायु, नदी, इन्द्र, प्रजापति जस्ता प्राकृत वस्तु नै देवता थिए।

इतिहासको उपर्युक्त तथ्यबाट पनि के स्पष्ट हुन्छ भने आदिकालीन पाषाण युगका मानिसमा देवी–देवताप्रति कुनै आस्था तथा विश्वास थिएन। उनीहरूको जीवनको एउटा मात्र उद्देश्य आफ्ना आवश्यकता पूर्ति गर्ने मात्र हुन्थ्यो। उनीहरूको लक्ष्य परमब्रह्मलाई प्राप्त गर्ने होइन, कन्दमूल, फलफूल तथा पशुको सिकार गर्नेतर्फ अग्रसर हुन्थ्यो । यसरी उनीहरूको जीवन स्वतःस्फूर्त भौतिकवादी दृष्टिकोणका आधारमा प्रेरित हुन्थ्यो।

प्राचीन मानिसको जीवनको उद्देश्य प्रकृतिमाथि अधिकार प्राप्त गर्नु थियो । तर प्रकृति र त्यसका गुणको बारेमा उनीहरूको ज्ञान एकदम सीमित थियो। मानिस र प्रकृतिको सम्बन्धका विषयमा उनीहरू अपरिचितजस्तै थिए । यस प्रकारको अज्ञानता तथा प्रकृतिको रहस्यमय शक्तिका कारण जादुटुना जस्ता अन्धविश्वासपूर्ण मान्यता विकास हुँदै गयो। यो संसारमा

भौतिक वस्तुका साथै आत्मा जस्तो शक्ति अस्तित्वमा रहेको स्वीकार गर्न थालियो । प्राकृतिक शक्तिलाई नियन्त्रण गर्न उनीहरूबाट सम्भव थिएन। त्यसकारण भूतप्रेत, आत्मा जस्ता आध्यात्मिक शक्तिको मान्यता विकसित हुँदै गयो। प्रकृति तथा पशुलाई आफूभन्दा बढी बलवान् भएको महसुस गरेर त्यसमा देवत्व भएको उनीहरूले महसुस गरे जसको फलस्वरूप सर्प, बाघ, सूर्य, ढुङ्गा, जल आदिलाई अलौकिक सत्ताको रूपमा स्वीकार गर्दै तिनीहरूको पूजा गर्न थालियो।

यसरी प्राचीन अर्थात् पाषाण युगका मानव प्राकृतिक भौतिकवादी भएको दाबी गर्न सकिन्छ। स्वतःस्फूर्त भौतिकवादी दृष्टिकोण, उनीहरूको जीवनको पथप्रदर्शक सिद्धान्त बन्न पुगेको थियो। यही भौतिकवादी दृष्टिकोणको आधारमा समाजको स्वरूप निर्धारित हुने गर्दथ्यो।

अज्ञानता र प्राकृतिक बिपत्को सफलतापूर्वक रक्षा गर्न नसक्नाका कारण उनीहरूले विभिन्न वस्तु, जन्तु, सङ्केतमाथि अलौकिक शक्ति स्थापित गर्न पुगे। उनीहरूको धारणा थियो– तन्त्रमन्त्र, झारफुक, बलि, कर्मकाण्ड आदिबाट प्राकृतिक घटनालाई प्रभावित गर्न सकिन्छ। यस आधारमा विभिन्न रोग, अकाल, महामारी आदिबाट मुक्ति पाउन सकिने उनीहरूको विश्वास थियो। नवपाषाण युगमा कृषिको विकासले नयाँ नयाँ प्रकारका जादुटुना र कर्मकाण्डको विकास हुँदै गयो। अज्ञानता, भय, अभाव, शत्रु, प्रकृतिको असीम रूप नजान्नुले धर्म जन्मायो।

## *निजी सम्पत्तिबाट विखण्डित समाज*

ढुङ्गाबाट धातुको विकासले प्राचीन समाजको सामूहिक जीवनमा ठुलो परिवर्तन आयो। उत्पादनका औजार, तामा र पितलका हुन थाले। कृषि, पशुपालन, घरेलु उत्पादन जस्ता क्रियाकलापले आवश्यकताभन्दा बढी उत्पादन हुन थाल्यो। सम्पत्ति वृद्धि हुँदै गयो। यो अवस्थामा उत्पादनको उपभोगसँगै विनिमयसमेत हुन थाल्यो। यस प्रकारको आर्थिक पद्धतिले उनीहरूको जीवन तथा दिनचर्या परिवर्तन हुँदै गयो। सामूहिक उत्पादन तथा सामूहिक उपभोगमा आधारित पुरानो संरचनालाई व्यक्तिगत सम्पत्तिको विकासले दरार पैदा गरिदियो। यसका साथै धनी र गरिबबिचको वर्गीय विभेदको सुरुवात भयो। धेरै उत्पादनका कारण सञ्चय र सन्चयका कारण निजत्वको सृजना भयो। विनिमय जस्तो एकाइले प्राचीन समाजको स्वरूपमा परिवर्तन आयो। यो व्यवस्थाले समाजमा मुद्रा तथा व्यापारी वर्ग जस्ता नयाँ शक्ति देखा परे। समाजमा कहिल्यै नदेखिएका विरोधी शक्ति देखा पर्न थाले। शोषणबाट प्राप्त सम्पत्तिको रक्षाका लागि युद्धको सुरुवात हुन थाले।

यज्ञ संस्कृतिमा पनि परिवर्तन हुन थाल्यो। यज्ञको विधि बनाउने तथा त्यसलाई सञ्चालन गर्नेलाई ब्राह्मण भन्दै सामाजिक आर्थिक प्रणालीको नेताका रूपमा चुनिन थालियो। यज्ञका सञ्चालकले धेरै फल कब्जा गर्ने प्रचलनको सुरुवात भयो। यसरी कोही धनी र कोही गरिब हुने परिस्थिति सृर्जना भयो। उत्पादन प्रणालीमा भएको परिवर्तनको एउटा उदाहरण, सिन्धु घाँटीको सभ्यता हो। त्यस प्रकारको परिवर्तनले नयाँ सभ्यताका लागि आधार तयार हुँदै गयो। खेतीपाती तथा पशुपालनको अवस्था सुरु भयो। गहुँ, जौ, कपासको उत्पादन हुन थाल्यो। त्यसरी उत्पादन कार्य सम्पन्न भएपछि विभिन्न नाचगानका कार्यक्रम पनि हुन थाल्यो।

आर्यहरू जब सिन्धुघाटीमा प्रवेश गरे, उनीहरू बर्बरताको अवस्थामा थिए। यहाँ उनीहरूले आफूभन्दा अधिक विकसित तथा जटिल सहरको सभ्यता पाए। त्यहाँ शिव, देवीमाता, लिङ्ग, ऋषभ (साँढे गोरु) को पूजा हुने गर्दथ्यो। सिन्धुघाटीका बासिन्दाले लिङ्ग

पूजा गर्दथे तर आर्यहरूले यो पूजालाई घृणा गर्दथे। जस्तो कि ऋग्वेदको एउटा अध्यायमा आर्यको प्रार्थना यसरी प्रस्तुत गरिएको छ– उनीहरू जसको देवता लिङ्ग हो, हाम्रो घरमा पस्न नपाओस् (दामोदरन, सन् १९७८, पृ. २०) । यसरी आर्यहरूले एकातिर सिन्धुघाँटीको सभ्यतालाई तहसनहस गरे, अर्कोतर्फ त्यसका कतिपय पक्षलाई स्वीकार्दै र आवश्यकताअनुरूप परिमार्जित गर्दै नयाँ सभ्यता विकास निर्माणको दिशामा अगाडि बढे। आर्यको अर्थ थियो, कुलीन अर्थात् उच्च कुलवाला वा परिष्कृत जबकि सिन्धुका मूल निवासी, जसलाई आर्यले युद्धमा पराजित गरेका थिए, लाई म्लेच्छ, दस्यु अथवा दास भनेर सम्बोधन गरिन्थ्यो। बाहिरबाट आएका आर्यले त्यहाँका स्थानीय बासिन्दालाई दासको रूपमा प्रयोग गर्न थाले। यसरी ठुलो युद्धपश्चात् आर्यले उत्तरपश्चिम भारतको उर्वर भूमिमा आफ्नो आधिपत्य कायम गर्दै गए।

ऋग्वेदका अनुसार आर्यको विजयको श्रेय इन्द्रलाई दिन थालियो। असुरमाथि विजय प्राप्त गर्न इन्द्रको भूमिका भन्दै उनको प्रार्थना गर्न थालियो। यसरी युद्ध तथा त्यसबाट प्राप्त विजयको आधारमा अलौकिक सत्ता निर्माण हुँदै गयो । यस प्रकारको सत्ता, हरेक समाजको लागि प्रमुख आधार बन्दै गयो (दामोदरन, सन् १९७८, पृ. ३४) । यही आधारमा सामाजिक मूल्यमान्यता स्थापित हुँदै गए।

## *समाजमा बढ्दो द्वन्द्व*

निजी सम्पत्तिको विकासले मानिसमानिसबिचको सम्बन्धमा दरार आउँदै गयो। प्रकृतिसँग सङ्घर्ष गर्ने मात्र अब जीवनको उद्देश्य रहेन, अधिकभन्दा अधिक उत्पादन र त्यसको सुरक्षाको विषय महत्त्वपूर्ण विषय बन्न पुग्यो । निजी भावनाको विकास हुँदा मानिस मानिसबिच युद्धको परिस्थिति सृर्जना भयो । युद्ध विजेताको दर्शन, संस्कृति, रीतिरिवाज पराजितमाथि जबरजस्ती थोपर्ने प्रचलनको सुरुवात हुन थाल्यो। आफ्नो उत्पादनको सुरक्षाका लागि पनि त्यसको सेवा गर्ने संस्कृति, दर्शन, मूल्यमान्यता आवश्यक पर्न थाल्यो।

ऋग्वेदमा पनि आर्यहरूको वीरतापूर्ण कार्यको उल्लेख गरिएको छ। सिन्धुघाँटीको सभ्यतामाथि विजय प्राप्त गर्न आर्यहरूको महत्त्वपूर्ण भूमिका थियो। युद्धमा हारेका सिन्धुवासीलाई दस्यु तथा असुर भन्न थालियो। आर्यहरूले सिन्धुघाँटीमाथि विजय प्राप्त गर्दै त्यहाँको धनसम्पत्ति, जमिन तथा जनावर सबै लुटेको तथ्यबाट पनि त्यो कुरा पुष्टि हुन्छ। ऋग्वेदका अनुसार आर्यहरूले यस प्रकारको विजयको कारण उनीहरूको कुलदेवता इन्द्रका कारण सम्भव भएको बताएका छन् (दामोदरन, सन् १९७८, पृ. ३४) । उनीहरूले इन्द्रलाई असुरलाई हराउनेवाला, नाकाबन्दीलाई नष्ट गर्नेवालालगायत अत्यन्तै प्रशंसा गरिएको ऋग्वेदको अध्ययनबाट पनि प्रस्ट हुन्छ।

प्रारम्भमा ऋग्वेदका सूक्तिहरू प्रकृतिमाथि विजय प्राप्त गर्ने विषयमा आधारित हुन्थे। तर अब त्यस प्रकारको सूक्तिको स्वरूपमा परिवर्तन हुन थाल्यो। अब युद्धबाट प्रभावित सूक्तिको उल्लेख हुन थाल्यो; जस्तो कि त्यहाँ लेखिएको छ : हे इन्द्र, तिमीले निश्चल र निर्भीक। तिमीले शत्रुका विरुद्ध बिजुलीको चमक र बादलको गर्जना गर्‍यौ । आफ्नो तेजिलो तरबार प्रयोग गर्‍यौ र आकाशको कुना कुना पनि काप्न थाल्यो। यो संसारलाई तिमीले दुई भागमा विभाजित गरिदियौ (ऋग्वेद ६.८०–३) (दामोदरन, सन् १९७८, पृ.३५)। यसरी युद्धमा जित्नेको एउटा वर्ग बन्यो भने पराजितको अर्को वर्ग । वर्गहरू अस्तित्वमा आउँदा त्यसको प्रभाव सामाजिक संरचनामा पनि पर्न गयो। प्राचीन समाज आफूलाई नयाँ रूपमा परिमार्जित गर्दै अगाडि बढ्न थाल्यो । समाजका एकाइ फेरिए । समाजभित्रको अन्तरक्रियात्मक सम्बन्धमा परिवर्तन भयो। प्राचीन समाज नयाँ बाटोमा अगाडि बढ्दै गयो।

एङ्गेल्स भन्छन्– जीविका कमाउने पुरुषका तुलनामा नारीको घरेलु कामको महत्त्व समाप्त हुँदै गयो। अब पुरुषको काम सबै थोक बन्न गयो र नारीको काम एक महत्त्वहीन योगदान मात्र रह्यो (मार्क्स–एङ्गेल्स, सन् १९७८, पृ. १९०) । यसरी सामाजिक रूपमा पनि लैङ्गिक विभेदको परिस्थिति सृजना हुँदै गयो र मातृसत्ताको पतन भयो ।

एङ्गेल्स भन्छन्– जब घरमा पुरुषको साच्चिकै प्रभुत्व कायम भयो अनि उसको तानाशाही हुने बाटोमा जुन आखिरी बन्धन थियो, त्यो पनि खतम भयो । मातृसत्ताको नाश र पितृसत्ताको स्थापना र युग्मविवाहबाट विस्तारै एकनिष्ठ विवाहको प्रथामा सङ्क्रमणबाट यस तानाशाहीको पुष्टि भयो र त्यो स्थायी बन्यो । यसबाट पुरानो गोत्र व्यवस्था भत्कन पुग्यो । एकनिष्ठ परिवार एक शक्तिको रूपमा विकसित भएर गोत्रको अस्तित्वका लागि एउटा खतरा बन्न गयो ( मार्क्स–एङ्गेल्स, सन् १९७८, पृ. ६५) । एङ्गेल्सको यो धारणाले पनि समाज विकासक्रममा आएको परिवर्तनको केही तथ्यबारे प्रस्ट हुन्छ।

## *वर्गीय समाजको दर्शन*

निजी सम्पत्तिको जति जति विकास हुँदै गयो, दर्शनशास्त्रमा पनि अध्यात्मवादको हालीमुहाली हुँदै गयो । वेदको अन्तिम खण्ड, जसलाई आरण्यक र उपनिषद् भनिन्छ, यी खण्डमा बढी वैदिक अनुष्ठान, कर्मकाण्ड जस्ता रहस्यवादी चिन्तनको विकास भएको पाइन्छ । ब्राह्मणद्वारा यज्ञबाट बढीभन्दा बढी सम्पत्ति आर्जन गर्ने प्रचलन विकास हुँदै गयो ।

जतिजति उत्पादनका औजार विकास हुँदै गइरहेको हुन्छ, दर्शनको स्वरूप, दर्शनशास्त्रभित्र अन्तर्विरोध तथा त्यसमा परिवर्तनले पनि त्यही रूपमा गति लिँदै गइरहेको हुन्छ।

दार्शनिक क्षेत्रमा अध्यात्मवादी सोच र मान्यता विकसित हुँदै गयो। पछि गएर अलौकिक मानसिकता वर्गीय स्वार्थअनुरूप प्रयोग गर्न थालियो । क्रमशः ईश्वरीय अवधारणाको विकास हुँदै गयो।

इतिहासकार जेडी बर्नाल साइन्स इन हिस्ट्रीमा भन्छन्– ...वर्षा प्राप्त गर्नको लागि अनुकरणात्मक जादु, कर्मकाण्डको दोस्रो लक्ष्य बन्न पुग्यो । ...अब वसन्त तथा कटाइको उत्सव नियमित मनाउन थालियो। यो युगका मानिसमा के विश्वास थियो भने अन्न उत्पादन गर्ने भूमि तथा बच्चा उत्पादन गर्ने महिलामा अवश्य केही समानता छ। यस अवस्थामा सम्भोगलाई सङ्केतको रूपमा लिँदै लिङ्ग पूजाको प्रचलन सुरु भयो (बर्नाल, सन् १९५४, पृ. ६५)। यो तथ्यबाट पनि प्रस्ट हुन्छ, उत्पादन शक्तिको विकास मानिसका सोचाइमा पनि परिवर्तनको महत्त्वपूर्ण कारण हो। पुराना प्रकारका धार्मिक मान्यताले नयाँ रूपधारण गर्दै गयो। नयाँ नयाँ प्रकारका देवीदेवता र पूजापाठको विकास हुँदै गयो।

## *उत्पादन प्रणाली र सामाजिक प्रभाव*

समाजशास्त्र एउटा बृहत् विषय हो । यसले समाजभित्रको भाषा, रीतिरिवाज, संस्कृति, चिन्तन, व्यवहार, संस्था, मूल्यमान्यता आदि सबैको अध्ययन गर्दछ । यी सबै उपरी संरचना हुन् तर मूल विषय समाजको आधार हो । त्यो आधार भनेको उत्पादन प्रणाली हो । मानिसको श्रमको व्यवहार हो । उत्पादनका औजार तथा त्यसलाई प्रयोग गर्ने मानिसको अध्ययनबाट समाजको स्वरूपको वास्तविकताको ज्ञान हुन्छ। समाजको स्वरूप कस्तो हुने ? यो प्रश्नको सन्दर्भमा उत्पादनको औजारमा कसको स्वामित्व छ भन्ने विषयले विशेष महत्त्व राख्छ। उत्पादनको सामूहिक स्वामित्व हुँदा समाजको स्वरूप एक प्रकारको हुन्छ। त्यसको विपरीत निजी स्वामित्व हुँदा बेग्लै प्रकारको समाज अस्तित्वमा आउँछ । अहिलेसम्म गरिएका सामान्य चर्चाका आधारमा पनि यो प्रस्ट हुन्छ कि निजी स्वामित्व त्यस्तो आधार हो जसका कारण समाजमा

विकृति र विसङ्गति फैलिएको हो। समाजमा फैलिएका विभिन्न प्रकारका अन्धविश्वास र कुरीतिको कारण पनि त्यही हो ।

प्राचीन कम्युन समाज र निजी सम्पत्तिमा आधारित समाजको तुलनात्मक अध्ययनले सामाजिक संरचनाको फरकपनको बारेमा धेरै कुराको ज्ञान हुन्छ। सामूहिक उत्पादन र सामूहिक उपभोगमा आधारित प्राचीन समाजमा उत्पादन प्रणाली व्यवस्थित नहुँदा त्यसको निरन्तरता हुन सकेन, जसका कारण समाज फरक प्रकारले अगाडि बढ्न बाध्य भयो तर पनि कम्युन समाजका थुप्रै सकारात्मक पक्ष रहेको यथार्थता स्वीकार गर्नुपर्ने हुन्छ।

वर्गीय समाजको विकाससँगै धार्मिक अन्धविश्वासको प्रतिनिधित्व गर्ने आदर्शवादी र जातिप्रथाको विकास भएको हो । शक्तिशाली वर्गद्वारा कमजोर वर्गमाथि दमन गर्नका लागि यस प्रकारका सोच तथा मान्यताको विकास भएको हो।

प्राचीन समाजमा वैज्ञानिक तथ्यको अभाव थियो। त्यस प्रकारको अज्ञानताको प्रयोग गर्दै शक्तिशाली वर्गको दर्शन तथा संस्कृति प्रभावशाली बन्दै गयो। त्यही दर्शन र संस्कृतिका आधारमा सामाजिक संरचनाले निरन्तरता पाउँदै गयो। भाग्य, कर्म, स्वर्ग, नर्क, पाप, पुण्यजस्ता अन्धविश्वासका आधारमा सामाजिक मूल्यमान्यता निर्धारित हुँदै गयो, जसको परिणामस्वरूप समाजको गतिशील यात्रामा केही अवरोध पुग्न गयो।

## *निष्कर्ष*

समाजको स्वरूपको निर्धारण, उत्पादन प्रणालीले गर्दछ। यसप्रकारको प्रणालीले नै समाजलाई प्रभाव पार्दै निर्देशित गरिरहेको हुन्छ । त्यही आधारमा समाजले आफ्नो भूमिका निर्धारण गरिरहेको हुन्छ। प्राचीन समाजका केही सकारात्मक पक्षहरू थिए। त्यसप्रकारको सकारात्मक पक्षको कारण त्यो बेलाको उत्पादन प्रणालीले गर्दा हो । विशेषगरेर सामूहिक उत्पादन र सामूहिक उपभोगमा आधारित उत्पादन प्रणाली, प्राचीन समाजको सकारात्मक पक्षको कारण हो । यद्यपि त्यो समाजमा विज्ञानको अभाव थियो र समाज, नयाँ रूपमा विकास हुँदै गयो। सामूहिकतामा आधारित समाजमा नीजि स्वामित्वको विषयले प्राथमिकता पाउँदै गयो। परिणामस्वरूप पुरानो प्रकारको उत्पादन प्रणालीको अन्त हुँदै समाजमा विकृति र विसङ्गतिहरू बढ्दै गए। दर्शन, संस्कृति, धर्मजस्ता समाजका उपरिसंरचनाहरूको वर्गीय पक्षधरता निर्धारण हुँदै गयो । यही कारण अहिलेसम्म मानव समाजले विभिन्न प्रकारका विकृति तथा त्यसको परिणामस्वरूप द्वन्द्वको स्थितिबाट अगाडि बढ्दै आउनु परेको छ। कतिपय अवस्थामा मानव समाजमा सहकार्य पनि हुँदै आयो अनि प्रतिस्पर्धा पनि। एकताको अवस्था पनि सृजना भयो अनि सङ्घर्षको पनि। उत्पादन गर्ने तरिका तथा उपभोगमा समानता भयो भने एकता हुने हो अन्यथा सङ्घर्ष। मानिसका इच्छा र आवश्कता बढ्दै जाँदा फरकफरक प्रकारले उत्पादन गर्ने तरिकाको विकास हुँदै गइरहेको हुन्छ। त्यहीअनुसार उत्पादनका औजारको पनि विकास हुँदै गइरहेको हुन्छ। त्यहीअनुसार मानिस मानिसबिचको सम्बन्ध निर्धारण हुँदै गइरहेको हुन्छ। समाजभित्रका यी विभिन्न एकाइका आधारमा समाजको गतिशील यात्रा निर्धारित भइरहेको हुन्छ । कम्युन समाज हुँदै वर्गीय समाजको यात्रा पनि यही मान्यताका आधारमा अगाडि बढेको हो।

मानव समाजको महत्त्वपूर्ण विषय विभिन्न विकृति र विसङ्गतिहरूको अन्त गर्दै समृद्धिको दिशामा अगाडि बढ्नु हो। त्यो समृद्धिको आधार भनेको वैज्ञानिक र सामूहिकतामा आधारित उत्पादन प्रणाली हो। प्राचीन समाजको उत्पादन प्रणालीबाट पनि केही शिक्षा लिँदै वर्तमान समाजको आधार तयार गरिनु पर्दछ। अहिलेसम्मको विश्लेषणबाट पनि के पुष्टि हुन्छ भने नीजि सम्पत्तिमा

आधारित उत्पादन प्रणालीमा गुणात्मक परिवर्तनको आवश्यकता छ। त्यो अवस्थामा नै वर्तमान समाजको समृद्धि सम्भव छ । प्राचीन समाजको अध्ययनबाट पनि वर्तमान समाजको स्वरूप बुझ्न केहि सहज हुन्छ। नीजि सम्पत्तिको हालीमुहाली हुने तथा व्यक्तिगत दृष्टिकोण प्रबल हुँदै जाँदा वर्तमान समाजमा पनि विकृति तथा विसङ्गतिहरू बढ्दै गएको अवस्था छ। समाजका महत्त्वपूर्ण इकाइहरू, धर्म, दर्शन, संस्कृति आदि विषयहरूको वर्गीय पक्षधरता पनि यसप्रकारको विकृतिको प्रमुख कारण हो । प्राचीन समाजका दुइटा धाराहरू, कम्युन समाज र नीजि सम्पत्तिमा आधारित समाजको तुलनात्मक अध्ययनबाट प्राप्त तथ्यहरू ग्रहण गर्दै वर्तमान समाजको समृद्धितर्फ अग्रसर हुनु सबैभन्दा उपयुक्त विकल्प हो । मूलतः आर्थिक आधारमाथि प्रहार गर्दै त्यसका साथै त्योसँग जोडिएका उपरिसंरचनामा पनि परिवर्तन गर्दै एउटा आदर्श समाज निर्माणको दिशामा अग्रसर हुनुपर्दछ। मानव समाजको इतिहास, वर्तमान र भविष्य एउटा नियम र पद्धतिसँग जोडिएको हुन्छ। त्यो पद्धतिको खोजी गर्दै अझ समृद्ध भविष्यतर्फ अग्रसर हुनु हामी सबैको दायित्व हो। त्यो यात्राको लागि उचित मार्गको पहिचान गर्नु नै यो लेखको निष्कर्ष तथा उदेश्य हो।

## *सन्दर्भसामग्री सूची*


ओमप्रकाश, सङ्कल (अनु.) (सन् १९८७). *पुँजी.* (कार्ल मार्क्स) (तीसरा संसोधित संस्करण, भाग १). नई दिल्ली : पिपुल्स पब्लिशिंगहाउस प्रा.लि.।

ओमप्रकाश, सङ्कल (अनु) (सन् १९७८). 'सङ्कलित रचनाए'. (कार्लमार्क्स/फ्रेडरिक एङ्गेल्स) (हिन्दीअनुवाद), खण्ड ३, भाग २. मस्को : प्रगतिप्रकाशन।

जिसी, अशोकविक्रम समीर सिंहः (२०७८). *साङ्ख्यदर्शन र मार्क्सवाद.* काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान।

डाँगे, श्रीपाद अमृत (सन् २००९). *आदिम साम्यवाददेखि दास प्रथासम्मको इतिहास.* काठमाडौँ : पुस्तक सेन्टर।

दामोदरन, के. (सन् १९७८). *भारतीयचिन्तन परम्परा.* नई दिल्ली : पिपुल्स पब्लिशिंगहाउस।

नागपाल, योगेन्द्र(अनु.) (सन् १९८५). *वानर से नर बनने कीप्रक्रिया में श्रम की भूमिका.* (फ्रेडरिक एङ्गेल्स). नई दिल्ली : पिपुल्स पब्लिशिंगहाउस प्रा.लि.।

नागपाल, योगेन्द (अनु.) (सन् १९८६). *परिवार, निजी सम्पत्तिऔर राज्यकीउत्पत्ति.* (फ्रेडरिक एङ्गेल्स) (दूसरा संस्करण).नई दिल्ली : पिपुल्स पब्लिशिंगहाउस।

बर्नाल, जे.डी. (सन् १९५४). *साइन्स इन हिस्ट्री.* न्यूयोर्क : केमरन एसोसियट्स।

वैद्य, मोहन 'किरण' (२०७८). *मार्क्सवादी दर्शन.* काठमाडौँ : भुँडीपुराण प्रकाशन।

श्रीवास्तव, जगदीश सहाय (सन् १९९३). *समाज–दर्शन की भूमिका.* वाराणसी : विश्वविद्यालयप्रकाशन।